# एआई नीतिको तयारी गर्दै सरकार

**हिमालय टाइम्स**

काठमाडौं, २२ मंसिर

सरकारले छिट्टै एआई नीति ल्याउने भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अब छिट्टै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति ल्याउने बताउनुभएको हो । काठमाडौं विश्वविद्यालयको कम्प्युटर क्लबद्वारा धुलिखेलमा आयोजित 'आइटी मिट-२०२४' उद्घाटन गर्दै एक महिनाभित्र एआई नीति ल्याई आवश्यक कानुन बनाउने गरी सरकार क्रियाशील रहेको उहाँले बताउनुभयो ।

मन्त्री गुरुङले भन्नुभयो, 'एआई कानुन बनाएपछि सूचना प्रविधिमार्फत् थप कार्यक्रम ल्याउन सकिन्छ, यसका लागि मन्त्रालयमा गृहकार्य भइरहेको छ ।' नेपाल आइटीको दशकमा प्रवेश गरेको भए पनि त्यसबाट हालसम्म उल्लेख्य फाइदा लिन नसकेको भन्दै उहाँले विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी आवश्यक नियम कानुन बनाएर मुलुकलाई 'आइटी हब' का रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्री गुरुङले भन्नुभयो, 'एआईको जमाना आइसक्यो, अहिलेसम्म नेपालका सबै सरकारी संयन्त्र ई-गभर्नेन्समा गइसक्नुपर्थ्यो, त्यस्तो हुन सकेको देखिएन, डिटिजल नेपाल फ्रेमवर्कका लागि भए पनि एआईसम्बन्धी कानुन यथाशक्य छिटो तयार गरी कार्यान्वयनमा जाने छौं । डिजिटल नेपाल फ्रेमवर्कमार्फत् ई-गभर्नेन्सलाई लागू गर्न सक्छौं, त्यसपछिमात्र भ्रष्टाचार नियन्त्रण गर्न सहज हुन्छ । डिजिटल नेपाल फ्रेमवर्कलाई पहिलो चरणमा सरकारी तहबाटै सुरु गर्ने पक्षमा वर्तमान सरकार रहेको छ । अहिले २२ मन्त्रालय रहेको संघीय सरकार, सात प्रदेश सरकार र सात सय ५३ स्थानीय तहसमेत गरी देशमा सात सय ६१ सरकारसहित मातहतका सबै सरकारी कार्यालयमा ई-गभर्नेन्सको कार्यक्रम लागू गर्न सकिए भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु, त्यसका लागि आवश्यक नियम-कानुन बनाउने कामलाई मन्त्रालयले उच्च प्राथमिकता दिएको छ ।'



उहाँले आवश्यक नियम, कानुनसहित ई-गभर्नेन्स कार्यान्वयनपछि मुलुकका तीनै तहका सरकारका नीति तथा कार्यक्रम, योजना र बजेट व्यवस्थापन प्रक्रिया सहज भई अपेक्षित परिणाम प्राप्त हुने दाबी गर्दै आइटी क्षेत्रको विकास एवं विस्तार गरी त्यसलाई उद्योग तथा उत्पादनमूलक क्षेत्रमा जोड्दै देश र जनतालाई लाभान्वित तुल्याउने पक्षमा सरकार क्रियाशील रहेको बताउनुभयो ।

काठमाडौं विश्वविद्यालयका स्कुल अफ इञ्जिनियरिङका डिन मनिष पोखरेलले सूचना प्रविधिका क्षेत्रमा भएका विकास तथा देशभरिका प्रविधिमैत्री युवालाई एकत्रित गरी नयाँ अवसर र प्रेरणा प्रदान गर्ने सोचका साथ 'आइटी मिट-२०२४' आयोजना गरिएको बताउनुभयो । दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा कोडिङ प्रतियोगिता, परियोजना प्रदर्शनी, गेमिङ इभेन्ट्स, गुगलिङ प्रतियोगिता, केयुबिङ प्रतियोगिता जस्ता विविध गतिविधि सञ्चालन भएका आयोजकले जनाएको छ ।

## चन्द्रकोट गढीलाई प्रवर्द्धन गरिँदै

**तनहुँ ।** तनहुँको बन्दीपुर गाउँपालिका-५ स्थित ऐतिहासिकस्थल चन्द्रकोट गढीलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्न लागिएको छ । गाउँपालिकाले गढीलाई पर्यटन प्रवर्द्धन गर्ने, भ्रमण वर्ष २०२५ मा 'रुट लिंक' गर्ने, आगामी पुस ७ गाउँसभा बैठक बस्ने, डुम्रे चिसोपानी र बन्दीपुरमा 'आउटडोर जिम' का सामान राख्ने लगायत काम थालेको हो । बन्दीपुर गाउँपालिकाको चन्द्रगढीमा बसेको सातौं कार्यपालिका बैठकले उक्त निर्णयो गाउँपालिकाका प्रवक्तासमेत रहनुभएका वडा नं १ का वडाध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । बन्दीपुर बजारबाट पूर्वतर्फ पर्ने बाहुनभञ्ज्याङ हुँदै खानीगाउँसम्म सवारीसाधनमा पुगी त्यसपछि २० मिनेट पैदल हिँडेपछि चन्द्रकोट पुग्न सकिन्छ । साथै पृथ्वीराजमार्गको वडा-५ स्थित याम्पाबाट थुम्का कोरिखा, बाहुनभञ्ज्याङ हुँदै चन्द्रकोटगढीमा पुग्न सकिन्छ । पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा चन्द्रकोट पर्न थालेपछि यसको महत्त्व बढ्दै गएको छ ।

# स्वास्थ्य स्वयंसेविकाका पीडा– 'कामअनुसार सुविधा र सम्मान भएन'

**रामचन्द्र रायमाझी/हिटा**

पाल्पा, २२ मंसिर

पाल्पाको माथागढी गाउँपालिका रुप्सेकी यमकला बस्याल विगत नौ वर्षदेखि महिला स्वयंसेविकाको जिम्मेवारीमै हुनुहुन्छ । आफ्नो टोलका गर्भवती महिला, शिशु र ज्येष्ठ नागरिकहरूको स्वास्थ्य अवस्था बुझ्ने र उनीहरूको आवश्यक उपचार गर्न सम्बन्धित स्वास्थ्य संस्थामा जान सल्लाह दिने, गर्भवतीलाई नियमित चेकजाँच गर्ने, आइरन चक्की खुवाउने, बच्चालाई पोलियो खुवाउने यी सबै काम उहाँको हो । तर, आफ्नो कामअनुसारको दाम नभएको पीडा उहाँमा छ । 'समाजकै लागि जीवन दिएका छौं । सरकारले हामीहरूलाई पनि केही सुविधा र सहयोग गरेको भए राम्रो हुने थियो,' उहाँले भन्नुभयो, 'हाम्रो पनि घरपरिवार छ । बिहान उठ्नासाथ काममा जान्छौं तर सबै सेवा निःशुल्क दिन्छौं । आफ्नो परिवारको पनि चिन्ता छ ।' उहाँले स्थानीय सरकारले स्वास्थ्य बिमामा ५० प्रतिशत, संघीय सरकारले ५० प्रतिशत छुट दिएको, स्थानीय र संघीय सरकारबाट मासिक एक/एक हजार यातायात भत्ता दिने गरेको र अरू सुविधा नभएको बताउनुभयो ।

रम्भा गाउँपालिका-३ पिपलडाँडाकी लिलामाया रानाको पीडा पनि उस्तै छ । उहाँले महिला स्वयंसेविकाको काम गर्न थालेको २० वर्ष भयो । रानाले रातदिन नभनेर गर्भवतीदेखि पाँच वर्षमुनिका शिशुको स्वास्थ्यबारे जिम्मेवारपूर्वक काम गरिरहनुभएको छ । आफूहरूको जिन्दगी गाउँघरको सेवामै बितेको रानाको भनाइ छ । सुत्केरी हुँदा स्वास्थ्य संस्थामा जान सल्लाह दिने, आवश्यक परे लैजाने र घण्टौं कुरेर बस्ने गरे पनि कामअनुसारको सुविधा र सम्मान नभएको उहाँको गुनासो छ । 'गर्भवतीलाई नियमित चेकजाँच गर्न लैजान्छौं । आइरन चक्की खुवाउँछौं । बच्चालाई पोलियो खुवाउने गर्छौं । आफ्नो टोलका स्वास्थ्यसम्बन्धी अधिकांश कामको जिम्मा हामीहरूले नै लिएका छौं,' उहाँले भन्नुभयो, 'रातदिन घरपरिवार छाडेर सेवा गरिरहेका छौं ।' कामअनुसारको सम्मान र सुविधा नपाएको उहाँले बताउनुभयो । 'हामीहरूलाई खासै सुविधा मिल्दैन,' उहाँले भन्नुभयो, 'आफ्नो परिवार धान्नै गाह्रो पो हुन्छ ।' पोशाक खर्च भनेर वार्षिक १० हजार रुपैयाँमात्र सरकारले दिने गरेको उहाँको भनाइ छ ।




आजीवन सेवा गरे पनि बुढेसकालमा रित्तो हात फर्कनुपर्ने अवस्था रहेको रैनादेवी छहराकी मिना थापाको गुनासो छ । 'उमेर छउन्जेल काम गर्छौं बुढेसकालमा रित्तो हात फर्कनुपर्छ,' उहाँ भन्नुहुन्छ 'सरकारले हाम्रा लागि केही सोचिदियोस् ।' ऊर्जाशील उमेरमा गाउँ-गाउँ हिँडेर स्वास्थ्य शिक्षा प्रदान गर्ने स्वयंसेविका सेवापछिको जीवनलाई लिएर चिन्तित छन् । गाउँमा हँसिलो मुहारका साथ जनचेतना फैल्याउँदै हिँड्ने स्वयंसेविकाको भित्री हृदय भने पीडादायी छ । थापा भित्री मनमा पीडा भए पनि बाहिर हाँसेरै गाउँ-गाउँ पुग्नुपर्ने बताउनुहुन्छ ।

लिलामाया, यमकला र मिनामात्र होइन, जिल्लाका ६२५ महिला स्वास्थ्य स्वयंसेविकाको अवस्था एउटै छ । उनीहरूले मिहिनेतअनुसारको पारिश्रमिक पाउन सकेका छैनन् । स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदान महत्त्वपूर्ण रहेको स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख टुकप्रसाद पोखरेलले बताउनुभयो । स्वयंसेविकाहरूका लागि तलब नभए पनि सरकारले वार्षिकरूपमा पोशाक खर्च भनेर १० हजार रकम भने दिने गरेको उहाँले बताउनुभयो ।

पोखरेलका अनुसार ६० वर्ष पुगेपछि स्वयंसेविकाहरूको प्रोत्साहनका लागि संघीय सरकारले २० हजार र प्रदेश सरकारले ५० हजार रकम दिने गरेको छ । साथै अहिले स्थानीय सरकारले पनि स्वयंसेविकाहरूलाई सहयोग गर्ने गरेको पोखरेलले बताउनुभयो । 'तलब भनेर नदिए पनि खाजा खर्च, यातायात भाडा भनेर जिल्लाका अधिकांश स्थानीय तहहरूले रकम छुट्याएका छन्,' उहाँले भन्नुभयो । स्वास्थ्य बिमामा समेत उनीहरूलाई छुट रहेको पोखरेलले बताउनुभयो । सरकारका यस्ता सहयोगले महिला स्वास्थ्य स्वयंसेविकाहरूको कामको सम्मान हुँदै गएको उहाँको धारणा छ । यद्यपि सरकारले न्यूनमात्रामा सेवा सुविधा दिँदै आए पनि उनीहरूको योगदान र भूमिकाको उचित कदर भने हुन सकेको छैन । नेपालको ग्रामीण भेगको स्वास्थ्य सेवालाई एक स्तरको उचाइ प्रदान गर्न महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका सराहनीय छ । तर, उनीहरूको जिम्मेवारी, भूमिका र योगदानलाई सरकारले उचितमात्रामा पहिचान र सम्मान दिन भने सकेको देखिन्न ।

हरेक वर्ष पाँच डिसेम्बरमा पर्ने अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको दिनलाई नै नेपालमा राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेवक दिवसका रूपमा मनाउने गरिएको छ । यस वर्षको दिवस मंसिर २० गते बिहीबार मनाइयो । यस दिवसलाई खासगरी महिला स्वास्थ्य स्वयंसेविकाको कदर र मनोबल उच्च राख्ने उद्देश्यका रूपमा मनाउने गरिएको भए तापनि प्रत्येक वर्ष मनाइने यस्ता दिवसले महिला स्वास्थ्य स्वयंसेविकाको कामको कदर र सम्मानमा के भूमिका खेल्दै आइरहेको छ भन्ने प्रश्न जहाँको त्यहीं नै छ । महिला स्वास्थ्य स्वयंसेविकाहरू नेपालको स्वास्थ्य क्षेत्रको मेरुदण्ड हुन् । उनीहरूले आफूले काम गरिरहेको समुदाय र नेपालको स्वास्थ्य प्रणालीलाई जोड्ने पुलको काम गरिरहेका छन् । सन् १९८८ देखि नेपाल सरकार र युएसआइडीको सहकार्यमा सुरु भएको यो कार्यक्रममा अहिले देशभर ५२ हजारभन्दा धेरै महिलाले स्वास्थ्य स्वयंसेविकाका रूपमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । यिनीहरूको भूमिका गाउँघर तथा दुर्गम ठाउँमा उल्लेखनीय छ, जहाँका मानिस डाक्टरको पहुँचमा हुँदैनन् ।

सामान्यभन्दा सामान्य रोगको उपचार नपाएर दीर्घकालीनरूपमा रोगी बनेर बस्न र ज्यानै गुमाउन बाध्य समुदायमा महिला स्वयंसेविकाले निकै महत्त्वपूर्ण काम गरिरहेका हुन्छन् । चिकित्सकको शहरकेन्द्रित मानसिकताले गर्दा गाउँघरका कयौं स्वास्थ्य संस्था चिकित्सकविहीन छन् भने भएका अन्य स्वास्थ्य कर्मचारीले पनि बिरामीलाई राम्रो सेवा दिन नसकिरहेको हाम्रोजस्तो देशमा स्वास्थ्य स्वयंसेविकाको भूमिका उल्लेखनीय छ ।

**Dharche Rural Municipality**
**Office of the Rural Municipal Excutive**
**Machhikhola, Gorkha**

**Invitation for Bids**

**Invitation for Bids No.: DRM/NCB/WORKS/01/081/82**
**Date of publication: 08-12-2024 00:00**

1. Dharche Rural Municipality, Gorkha invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of Nyauli Jharna Glasss Bridge and Other Infrastructure. under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRS) 11783186.11 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Dharche Rural Municipality, Gorkha, Dharche RM -5, Machhikhola, Gumda, Gorkha, Gandaki Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Himalayan Bank Ltd.
   **Name of Office** : Dharche Rural Municipality, Gorkha
   **Office Account no** : 27449365320062
4. Pre-bid meeting shall be held at **Dharche Rural Municipality**, Gorkha, Dharche RM -5, Machhikhola, Gumda, Gorkha, Gandaki Province, Nepal at **29-12-2024 11:30 hours.**
5. Sealed or electronic bids must be submitted to the office **Dharche Rural Municipality**, Gorkha, Dharche RM -5, Machhikhola, Gumda, Gorkha, Gandaki Province, Nepalby hand/courier or through PPMO website **www.bolpatra. gov.np/egp** on or before **07-01-2025 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **07-01-2025 14:00** at the office of **Dharche Rural Municipality**, Gorkha, Dharche RM -5, Machhikhola, Gumda, Gorkha, Gandaki Province, Nepal. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 325000.0**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**Amargadhi Municipality**
**Office of the Municipal Executive**
**Tufandada, Dadeldhura, Nepal**

**INVITATION FOR BIDS (IFB)**

**DATE OF PUBLICATION**: - **2081-08-23 BS (2024-12-08 AD)**

1. Amargadhi Municipality, Dadeldhura invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| SN | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT & PS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | **AM/DDL/WORKS/ NCB/03-2081/82** | Construction of Amargadhi Killa Compound Wall, Amargadhi Municipality Ward No 05, Dadeldhura | Single Envelope | 4278828.87 | 125000 | 3000. | 2025-01-07 (2081-09-23) 12:00 Hours |

Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form **www.bolpatra.gov.np/egp.**

**Gaindakot Municipality**
**Office of the Municipal Executive**
**Gaindakot-5, Nawalparasi (B-S East)**
**Gandaki Province, Nepal**

**Invitation For Bid**

**Date of publication: 8th Dec, 2024**

1. **Gaindakot Municipality** invites electronic bid from eligible bidders for the Construction of Municipal Structures as listed below under the National Competitive Bidding (NCB) procedures.
2. Bidder who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in Municipality's Rajawa(Revenue) account number as specified below and the scanned copy (.pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Rastriya Banijya Bank, Gaindakot Branch, Nawalparasi
   **Name of Office** : Gaindakot Municipality
   **Rajawa Account No.** : 3350100304010002 Ga-4-1
3. Electronic bids must be submitted to the office of Gaindakot Municipality through PPMO website **www.bolpatra.gov.np/egp** or before **12:00 Noon** on **7th Jan, 2025**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 PM NST** on **7th Jan, 2025** at Gaindakot Municipality. Bids must be valid for a period of **90 (Ninety)** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the security deposit amount in Bank:**
   **Name of the Bank** : Rastriya Banijya Bank, Gaindakot Branch, Nawalparasi
   **Name of Office** : Gaindakot Municipality
   **Dharauti Account No.** : 3350100303000002 Ga-3
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Gaindakot Municipality, Nawalparasi,** Phone no. **9846922628** or may visit PPMO website **www.bolpatra.gov.np/egp** and look after the published bid by **Gaindakot Municipality.**

| Contract no./ID | Description of Works | Total Estimated Amount (Without Vat & PS) NRs. | Bid Security Amount (Nrs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 06/GM/NCB/ 2081-082 | Construction of River Training work at Jayshree Khola located in ward 3,4,7,8 &9 at Gaindakot Municipality, Nawalparasi (East) | 1,06,53,186.27 | 3,50,000/- | Rs. 3,000/- | |

**Chief Administrative Officer**